
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ भदौं २८ गते मंगलबार ❑ 13 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## गण्डकी प्रदेशको अघि बढ्यो चुनावी तयारी

**रासस**
**गण्डकी, २७ भदौं**

सङ्घ र प्रदेशको चुनाव नजिकिँदो छ । यही असोज २ र ३ गते समानुपातिकतर्फका उम्मेदवारको बन्दसूची पेश गर्ने निर्वाचन कार्यतालिका छ । जिल्ला निर्वाचन कार्यालय, सुरक्षा निकायदेखि चुनावमा भाग लिने दलहरू तयारीमा जुटेका छन् ।

आसन्न चुनावलाई हेरेर मतदाता नामावली अद्यावधिक, मतदानस्थल थप, स्थानान्तरणदेखि अरु व्यवस्थापकीय काम भइरहेका छन् । चुनावी माहोल क्रमशः बढ्दै गएको छ । मुलुक सङ्घीय शासन व्यवस्थामा गएपछिको दोस्रो कार्यकालका लागि प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन हुन लागेको हो । स्थानीय तहको चुनाव भएको केही महिनामै हुन गइरहेको सङ्घ र प्रदेशको चुनावले जनसाधारणमा पनि चासो थपिएको छ । चुनाव जितेर सत्ताको बागडोर सम्हाल्न कुन दल आइपुग्ला भन्ने उत्सुकता बढ्दो छ । निर्वाचन आयोग र मातहात निकायका पदाधिकारीले चुनावी तयारी अघि बढेको जनाएका छन् । कास्कीका जिल्ला निर्वाचन अधिकारी होमनाथ पराजुलीले मतदाता नामावली अद्यावधिक र मतदानस्थल पुनरावलोकनको काम भइसकेको बताउनुभयो । "पोखरा महानगरमा एउटा मतदानस्थल थपिएको छ, एउटा समायोजन भएको छ", उहाँले भन्नुभयो, "मतदाता नामावली पनि अद्यावधिक भइसकेको छ, अब आयोगले अन्तिम नामावली सार्वजनिक गर्छ ।" एक महानगरपालिका र चार गाउँपालिका रहेको कास्कीमा दुई लाख ९० हजार मतदाता छन् । एक सय ५० मतदानस्थल र तीन सय ३६ मतदान केन्द्र रहेका छन् । यसपालि मतदान केन्द्र केही थप हुन सक्ने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । निर्वाचनका सम्बन्धमा जिल्ला तहमा गर्नुपर्ने तयारीका काम निरन्तर भइरहेको निर्वाचन अधिकारी पराजुलीको भनाइ छ । गण्डकी प्रदेशका अरु जिल्लामा पनि निर्वाचनको तयारी अघि बढेको छ । जिल्ला निर्वाचन कार्यालय बागलुङका प्रमुख यज्ञप्रसाद रिजालले आयोगको निर्देशनानुसार काम भइरहेको बताउनुभयो । "मतदाता नामावली अद्यावधिक गरेर आयोगमा नामावली पठाएका छौँ", उहाँले भन्नुभयो, "मृत्यु भएका र बेजिल्ला दोहोरो भएका नामावली घटाएर आयोगबाट अन्तिम मतदाता नामावली आउन बाँकी छ ।" बागलुङमा हाल एक लाख ९६ हजार चार सय ५७ मतदाता कायम छन् । आयोगबाट अद्यावधिक भएर अन्तिम नामावली आउँदा उक्त सङ्ख्या घट्ने प्रमुख रिजालले उल्लेख गर्नुभयो । उहाँका अनुसार तीन मतदानस्थल थप र तीन वटाको स्थानान्तरणका लागि जिल्ला मतदानस्थल सिफारिस समितिले आयोगमा निर्णय पठाएको छ ।

आयोगबाट स्वीकृत भएर आउँदा नयाँ मतदानस्थलको सङ्ख्या एक सय छ पुग्नेछ । बागलुङमा यसअघि एक सय तीन मतदानस्थल र दुई सय तीस मतदान केन्द्र थिए । "जनशक्तिको खटनपटन, तालिमलगायतका काम आयोगको निर्देशन र निर्वाचन कार्यतालिका अनुसार हुन्छ, अहिले मतदाता नामावली र मतदानस्थल व्यवस्थापनको काम भइरहेको छ", प्रमुख रिजालले भन्नुभयो । समानुपातिकतर्फ उम्मेदवारको बन्द सूची दलले आयोगमा नै बुझाउने हुँदा उक्त कामको जिम्मेवारी जिल्ला तहका निर्वाचन कार्यालयलाई नपर्ने उहाँले बताउनुभयो । मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापनापछि चुनावको व्यवस्थापकीय तयारीले अझ तीव्रता पाउने प्रमुख रिजालको भनाइ छ । मङ्सिर ४ मा हुने निर्वाचनका लागि असोज २३ गते मनोनयन दर्ता हुनेछ । असोस २४ गते उम्मेदवार विरुद्ध उजुरी दिने, २४ र २५ गते उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशन गर्ने, २६ गते उम्मेदवारी फिर्ताका लागि समय दिने र सोही दिन उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने आयोगको कार्यतालिका छ ।

सरकारी संयन्त्र जसरी निर्वाचन सम्पन्न गर्न लागि परिरहेको छ, उसैगरी राजनीतिक दलहरु पनि चुनाव केन्द्रित बनेका छन् । प्रदेश र सङ्घीय निर्वाचन क्षेत्रबाट सिफारिस भई प्रदेशमा आएका सम्भावित उम्मेदवारको नामावलीलाई सुझावसहित केन्द्रमा पठाएका छन् । चुनाव लक्षित भेला, प्रशिक्षण र प्रचारात्मक अभियान पनि सुरु हुन थालेका छन् ।

## गण्डकी प्रज्ञा प्रतिष्ठान र रसियन कल्चरबिच भगिनी सम्बन्ध कायम

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौं**



गण्डकी प्रज्ञा प्रतिष्ठान र रसियन सेन्टर अफ साईन्स एण्ड कल्चर बिच भगिनी सम्बन्ध कायम भएको छ । जसको लागि सोमबार रसियन कल्चर सोको कार्यालय काठमाण्डौमा दुवैपक्षबिच एमओयू सम्झौता भएको छ ।

सम्झौता पत्रमा रसियन सेन्टर अफ साईन्स एण्ड कल्चरको तर्फबाट डाइरेक्टर एन्टोन मास्लोभ र गण्डकी प्रज्ञा प्रतिष्ठानको तर्फबाट सदस्य सचिव मनकुमार श्रेष्ठले हस्ताक्षर गरें ।

हस्ताक्षर पश्चात सदस्य सचिव श्रेष्ठले आफुहरुको कार्यकालको ऐतिहासिक सम्झौता भएको बताए । सम्झौता पश्चात हरेक वर्ष सांस्कृतिक कार्यक्रम आदानप्रदान हुने उनको भनाई छ । 'यो ऐतिहासिक सम्झौता हो, अब हरेक वर्ष सांस्कृतिक कार्यक्रम आदानप्रदान हुनेछ' श्रेष्ठले भने । रसियन दुतावासका प्रथम सचिव समेत रहेका मास्लोभले गण्डकी प्रज्ञा प्रतिष्ठानसँग भगिनी सम्बन्ध विस्तार गर्न पाउँदा अत्यन्त खुशी लागेको प्रतिक्रिया दिए । 'गण्डकी प्रज्ञा प्रतिष्ठानसँग भगिनी सम्बन्ध विस्तार गर्न पाउँदा अत्यन्त खुशी लागेको छ, यो सम्बन्ध दीर्घकालिन बनाउने छौँ' उनले वाचा गरे । सम्बन्ध स्थापित भएसँगै गण्डकी प्रज्ञा प्रतिष्ठानले रसियन सांस्कृतिक टोलीलाई पोखरामा निमन्त्रणा गरेको छ । सो निमन्त्रणालाई स्विकार गर्दै डाइरेक्टर मास्लोभले २५ जनाको टोली आगामी कार्तिक २१ पोखरा आउने बताएको प्रतिष्ठानका सदस्य सचिव श्रेष्ठले जानकारी दिए । सांस्कृतिक टोलीको सहभागीतामा कार्तिक २२ गते पोखरामा एक अर्काको संस्कृतिका बारेमा अर्न्तक्रिया कार्यक्रम आयोजना गरिने प्रतिष्ठानले जनाएको छ । यसैगरी गण्डकी प्रज्ञा प्रतिष्ठानको भानु हलमा कार्तिक २३ गते 'रसियन कल्चर सो' समेत हुनेछ । यो 'कल्चरल सो' मार्फत गण्डकी प्रदेशबासीले रसियन कल्चरको बारेमा जानकारी पाउने प्रतिष्ठानका सदस्य सचिव श्रेष्ठको विश्वास छ ।

## बालबालिका सम्बन्धी घटना ब्यबस्थापन अभिमुखिकरण सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौं**

जिल्ला समन्वय समिति कास्कीको आयोजना तथा राष्ट्रिय बाल अधिकार परिषदको सहजीकरणमा आयोजित स्थानिय तहमा बाल अधिकार संरक्षण र बालबालिका सम्बन्धि घटना ब्यबस्थापन दुई दिने अभिमुखिकरण तालिम सोमबारदेखि पोखरामा शुरु भएको छ ।

कास्कीका पाँच ओटा पालिकाका उप-प्रमुख सहित सम्बन्धित विषय हेर्ने जनप्रतिनिधि तथा बिभागिय प्रमुख र कर्मचारीहरू एवम् सरोकारवाला निकायहरू सहभागि तालिमको जिल्ला समन्वय समिती कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गरेका हुन । पौडेलले विभिन्न बहानामा बालबालिका पीडित हुन परेको र ती घटनाहरुको न्यूनीकरणमा जन-प्रतिनिधीहरूको महत्वपूर्ण भुमिका हुने उल्लेख गरे । उनले बाल बालिकामा हुने घटनाहरूको प्रक्रियागत ब्यबस्थापनमा तालिम उपयोगि हुने विश्वास ब्यक्त गरे ।

कार्यक्रममा जिल्ला समन्वय समिति कास्की का उप-प्रमुख सरिता माल, जिल्ला समन्वय अधिकारी नबराज बराल, राष्ट्रिय बाल अधिकार परिषदका परियोजना प्रमुख ज्ञानेन्द्र श्रेष्ठ, परिषद गण्डकीका संयोजक बद्री प्रसाद वाग्ले, जिसस कास्की सदस्य लक्ष्मी दमै, शक्ति समुहका अध्यक्ष चरिमाया तामाङ लगाएतले मन्तव्य व्यक्त गरेका थिए । दुइदिन सम्म चल्ने तालिममा स्थानिय तहमा बालबालिकामा आइपर्ने समस्या, तिनिहरुको समाधान र सम्भाबित जोखिम न्यूनीकरणका प्रक्रियासँग सम्बन्धित बिषयमा अभिमुखिकरण प्रदान गरिने जिसस कास्किले जनाएको छ ।

## निर्वाचन आचारसंहितामा एउटै बुझाई र अडान रहोस्- प्रमुख आयुक्त थपलिया

**रासस**
**काठमाडौं, २७ भदौं**

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहितालाई सत्तामा हुँदा एउटा नहुँदा अर्को ढङ्गले नबुझिदिन राजनीतिक दलका नेतासँग आग्रह गर्नुभएको छ ।

राष्ट्रियसभा सरोकार तथा समन्वय समितिले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन तयारी, कानून, स्रोतसाधन, सुरक्षा व्यवस्थापनलगायतका विषयमा आयोग पदाधिकारी र राजनीतिक दलसँगको अन्तरक्रियामा उहाँले निर्वाचन प्रणाली महँगो नभई उम्मेदवार बेइमान भएको बताउनुभयो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले भन्नुभयो, "निर्वाचन आचारसंहिताको प्रावधान सत्तामा हुँदा र नहुँदा फरक हुन्न, त्यसको बुझाइ र कार्यान्वयनमा एकै खाले अडान हुनुपर्छ ।"

नेकपा (एमाले) संसदीय दलका उपनेता सुवास नेम्वाङले निर्वाचन आचारसंहितालाई कडाइसँग पालना गर्न र निर्वाचन घोषणा भएपछि व्यापकरूपमा भइरहेको कर्मचारीको सरुवालाई रोक्न आवश्यक रहेको बताउनुभयो । नेकपा (माओवादी केन्द्र) का वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले मन्त्रिमण्डलका सदस्य दल विशेषका प्रतिनिधि भएकाले राज्यको साधन स्रोतको दुरुपयोग नगरी निर्वाचन प्रचारप्रसारमा संलग्न हुन पाउनुपर्छ भन्नुभयो ।

नेपाली कांग्रेसका सहमहामन्त्री बद्रीप्रसाद पाण्डेले निर्वाचनलाई पवित्र र शुद्धता कायम गर्न सकेमा मात्र लोकतन्त्र फस्टाउने बताउनुभयो । उहाँले अहिले भइरहेको खर्चिलो र भड्किलो निर्वाचनबाट हामी प्रताडित भएकाले रोक्न आवश्यक रहेको बताउनुभयो । नेकपा (एकीकृत समाजवादी) प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले समग्र व्यवस्थापन चुस्त भएमा मात्र निर्वाचनको सुन्दरता बढ्ने भएकाले मतदान केन्द्र मतदातामैत्री हुन आवश्यक रहेको बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र) का उपमहासचिव हरिबोल गजुरेलले सांसदले विकास निर्माणका लागि बजेट होइन, कानून र नीति निर्माण गर्ने जिम्मेवारी हो भनेर अझै पनि समाजलाई बुझाउन नसकिएको बताउनुभयो । उहाँले भन्नुभयो, "मुलुकमा धेरै कम्युनिष्ट पार्टी छन् तर पनि पैसा नभई निर्वाचनका लागि टिकट पाइन्न । व्यवस्था फेरिए पनि प्रवृत्ति फेरिएको छैन, निर्वाचनको प्रचारप्रसार अवधिमा मदिराको बिक्री वितरणमा पूर्ण रोक लगाए केही हदसम्म खर्च कम हुन्छ ।"

सो अवसरमा सांसद रेखा शर्मा, विमला विक, लक्ष्मी परियार र विन्दा पाण्डेले महिलाका लागि प्रतिस्पर्धा गर्न बेग्लै निर्वाचन क्षेत्रको सुनिश्चितता गर्न तथा निष्ठाको राजनीति ओझेलमा परेकाले दलहरुले टिकट दिँदा त्यस्ता व्यक्तिलाई प्राथमिकता दिन पर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँहरूले राजनीतिक दलले उम्मेदवारी दिँदा संविधानको भावनाविपरीत गरेको खण्डमा अस्वीकार गर्ने तथा प्रत्यक्ष निर्वाचनमा ५० प्रतिशत महिला उम्मेदवार बनाउनै पर्ने व्यवस्था हुनुपर्छ भन्नुभयो ।

जनता समाजवादी पार्टीका रेखा यादव र लोकतान्त्रिक समाजवादी पार्टीका डा सुरेन्द्र झाले निर्वाचन महिलामैत्री हुनुपर्ने तथा प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको प्रतिनिधित्व वृद्धि गर्ने रणनीति बनाउन सबै दललाई सुझाव दिनुभयो ।

सो अवसरमा महिला प्रतिनिधित्वको समानुपातिक र समावेशी सुनिश्चितता, निर्वाचन आचारसंहिता कार्यान्वयन, निर्वाचन पर्यवेक्षण र मतदाता शिक्षालगायतका विषयमा छलफल भएको थियो ।

### कोभिड-१९ को जोखिम कम गर्ने उपायहरू

- ◆सही तरिकाले मास्क लगाऔं ।
- ◆कम्तिमा २ मिटरको दुरी कायम गरौं ।
- ◆साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- ◆हावा ओहोरदोहोर हुने स्थानमा बसौं ।
- ◆अरुको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं ।
- ◆कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं ।

*संक्रमण हुनबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# क्लबस्तरीय भलिबलमा एपिएफ र एसियन सुज च्याम्पियन

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

पोखरा महानगरपालिका ३ नदीपुरमा सम्पन्न क्लबस्तरीय पुरुष भलिबल प्रतियोगितामा सशत्र प्रहरी बल (४ नम्बर बाहिनी) मालेपाटनको टिम च्याम्पियन भएको छ।

पोखरा भलिबल प्रशिक्षण केन्द्रको आयोजनामा नदीपुर छन्त्याल समाजको खेल मैदानमा सोमबार सम्पन्न फाइनल खेलमा मामा भान्जा क्लब काठमाडौंलाई २५-२०, २५-२२, २५-१९ अंकसहित ३-० को सोझो सेटमा पराजित गर्दै एपिएफ च्याम्पियन बनेको हो। त्यसैगरि महिलातर्फ अर्चलबोट भलिबल क्लबलाई फाइनल खेलमा २५-१२, २०-२५, २५-१५ र २५-२० को अंकसहित ३-१ सेटमा पराजित गर्दै एसियन सुज टिमले उपाधि जित्यो। पुरुषतर्फ उपाधि जितेको एपिएफले शिल्ड, मेडल तथा प्रमाणपत्रसहित नगद रु १ लाख प्राप्त गर्यो। यसैगरि उपविजेता बनेको मामा भान्जा क्लबले शिल्ड, मेडल तथा



प्रमाणपत्रसहित नगद रु ६० हजार प्रदान गरेको क्लबा सचिव नवीन छन्त्यालले जानकारी दिए। उनका अनुसार महिलातर्फको विजेता एसियन सुजले नगद ४० हजार शिल्ड मेडल प्रमाणपत्र प्राप्त गर्यो। द्धित्तिय भएको अर्चलबोट भलिबल क्लबले २५ हजार शिल्ड मेडल प्रमाणपत्र हात पार्यो।

यसै गरी उक्त प्रतियोगितामा पुरुषतर्फ २० र महिलातर्फ १० टिमको सहभागिता रहेको कार्यक्रम संयोजक मनोज खड्काले जानकारी दिए। उनका अनुसार उक्त प्रतियोगिताबाट पुरुषतर्फ एपिएफका विजय थापा सर्वोत्कृष्ट खेलाडीका रुपमा घोषित भए। यसैगरि उत्कृष्ट स्पाइकरका रुपमा मामा भान्जा क्लबका सञ्जु विक्रम शाह, उत्कृष्ट डिफेण्डरका रुपमा सोही टिमकै इश्वर गुरुङ र उत्कृष्ट सर्भरका रुपमा सोही टोलीकै राजेश कुँवर घोषित भए। उत्कृष्ट सेटरका रुपमा एफिएफका मिलन राना, उत्कृष्ट ब्लकरमा सोही टिमकै सुनिल सुनार र उदीयमान खेलाडीका रुपमा एपिएफकै उमेश सेन्चुरी पुरस्कृत भए।

त्यसैगरि महिलातर्फ सर्वोत्कृष्ट खेलाडीका रुपमा एसियन सुज लामाचौरकी सरु नेपाली घोषित भइन्। उत्कृष्ट सेटरकी रुपमा सोही टिमकै निरु पुन, उत्कृष्ट डिफेण्डरकी रुपमा सोही क्लबकै लक्ष्मी राना र उदीयमान खेलाडीका रुपमा सस्मीता पुन घोषित भइन्। यसैगरी अर्चलबोटकी मनिषा तिलिजा उत्कृष्ट स्पाइकर र सोही टिमकै डिमा पुन उत्कृष्ट सर्भरकी रुपमा घोषित भइन्। विधागत तर्फ उपाधि जितेका पुरुष तथा महिला खेलाडीहरुलाई आकर्षक ट्रफीद्वारा पुरस्कृत गरिएको क्लबका अध्यक्ष कुल प्रसाद (कुशल) छन्त्यालले बताए।

उनका अनुसार विजेता तथा उपविजेता टोलीहरुलाई प्रतियोगिताका मुख्य प्रायोजक तथा राष्ट्रिय रेफ्री राम पुन, लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक तथा युवा व्यवसायी अमृत लामा गुरुङ, नेपाल पत्रकार महासंघ कास्कीका सदस्य पदम श्रेष्ठ तथा सहयोगीदाताहरुले पुरस्कार वितरण गरेका थिए। सो प्रतियोगिताबाट संकलित रकममध्ये केही रकम ब्लड क्यान्सरबाट ग्रसित बिरामीलाई सहयोग गर्ने बताइएको छ। यसअघि सम्पन्न गरको पाँचौ संस्करणको प्रतियोगिताबाट संकलित रकममध्ये २ लाख रुपैया मृगौला पीडित सुरज गुरुङलाई सहयोग गरिएको थियो।

# स्याङ्जा डेंगु रोगको जोखिममा, २० जनामा देखियो डेंगुको लक्षण

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २७ भदौं



विभिन्न जिल्लामा देखिदै आएको डेंगु रोगको लक्षण स्याङ्जामा पनि देखिन थालेको छ। स्वास्थ्य कार्यालय स्याङ्जाका अनुसार अहिले सम्म डेंगु रोगको लक्षण २० जनामा देखिएको छ। यसको संख्या बढ्न सक्ने अनुमान स्वास्थ्यकर्मीहरुले लगाएका छन्।

डेंगु रोगको लक्षण सबैभन्दा बढी गल्याङ नगरपालिकामा देखिएको स्वास्थ्य कार्यालय स्याङ्जाका प्रमुख बसुन्धरा शर्माले बताईन्। उनका अनुसार गल्याङमा १५, चापाकोटमा ३ र वालिङमा २ गरी २० जनामा डेंगुका लक्षण भएका बिरामी भेटिएको जानकारी दिइन्। पालिकाहरुमा डेंगु रोगका लक्षणहरु देखिन थालेपछि स्याङ्जाबासीलाई यसबाट बच्न सचेतना अभियान शुरु गर्न लागिएको शर्माको भनाई छ। परिक्षणका लागि किटको अभाव छ शर्माले भनिन्,'विगतका बर्षहरुमा झै बजेट यो पटक प्राप्त हुन सकेन, आर्थिक अभावले किट खरिदमा समस्या भएको छ।' प्रयाप्त सहयोग विभागबाट नहुँदा कार्यालयलाई सेवा प्रवाहमा अलि कठिनाई भएको शर्माले बताईन्। केही किटको केन्द्रीय तवरबाट सहयोग भएको छ तर त्यो पनि प्रयाप्त छैन शर्माले भनिन्। जुन पालिका समस्या देखिएको सोही पालिकालाई अनुरोध गरेर किटको व्यवस्थापन गर्न अनुरोध गरेको उनको भनाई छ। डराईहाल्नु पर्ने अवस्था नभएपनि सर्तक भने रहनुपर्ने प्रमुख शर्माले सुझाईन्। यसबाट सबै भन्दा बढी बालबच्चा, दिर्घरोगी, रोगप्रतिरक्षा शक्ति कमजोर भएकालाई अलि जटिल हुने स्वास्थ्य कार्यालयले जनाएको छ। टाउको दुख्ने, एक्कासी ज्वरो आउने, आँखाको पछाडीको भाग दुख्ने, मांसपेशी हाडजोर्नी दुख्ने, बिमिरा आउने जस्ता देखिएमा डेंगु रोगको लक्षण हुनसक्ने स्वास्थ्य कार्यालयको भनाई छ। यस्तो देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा पुग्नुपर्ने कार्यालयको भनाई छ। डेंगु रोग देखिएका बिरामीहरुको केही पोखरा, काठमाण्डौ उपचार भएपनि अधिकांशको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ। जिल्लामै सबैभन्दा बढी उच्च बिरामी गल्याङमा देखिएकाले गल्याङ नगरपालिका र स्वास्थ्य कार्यालयको सहकार्यमा ठाँउ ठाँउमा सचेतना अभियान शुरु गरिएको नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए। जहाँ बढी जोखिम देखिएको छ त्यस्तो ठाँउमा संघिय र प्रदेश सरकारले सहयोग नगरेको गुनासो नगर प्रमुख भट्टराईको छ। नगरपालिकाकै खर्चमा डाक्टर राखेर सेवा दिइरहेका छौं नगर प्रमुख भट्टराईले भने,'अहिले सम्म संघिय र प्रदेश सरकारले एक जनापनि डाक्टर पठाउन सकेका छैनन्।' अन्य पालिकामा डाक्टर पठाईदिने विभागले गल्याङ नगरपालिकामा अहिले सम्म डाक्टर नखटाईदिनु दुखद पक्ष रहेको उनले बताए। पटक पटक स्वास्थ्य विभाग सगँ डाक्टर पठाईदिन अनुरोध गर्दै नगरपालिकाको सिमित साधनश्रोत परिचालन गरि यो रोग विरुद्धको अभियानमा नगरपालिका लागिरहेको उनले बताए। नगरको स्वास्थ्य शाखाको अगुवाईमा टोल–टोलमा सरसफाई देखि सचेतना फैलाउदै आएको उनले जानकारी दिए।

ग्रामिण क्षेत्रमा भन्दा बढी यो शहरी बजार क्षेत्रमा डेंगु देखिएको तथ्याङ्क स्वास्थ्य सगँ छ। शहरी क्षेत्रमा एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको बृद्धिविकासको लागि अनुकुल बातावरण हुनेहुदा बढी जोखिम हुने वालिङ नगर स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताए। पानी जम्ने ठाँउ जस्तै टायर, फुटेका सिसा, खाल्डाखुल्डी यस्ता ठाउँहरु घरवरपर छन् भने तुरुन्तै सरसफाई गर्न पाण्डेले सुझाए।

# राष्ट्रिय खेलकुद : गण्डकीले सबै खेलमा भाग लिने

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका २६ खेलमा गण्डकी प्रदेशले भाग लिने भएको छ। ट्रायथलनबाहेक सबै खेलको छनोट सकिएकाले आगामी असोज १ गतेदखि खेलाडीलाई बन्द प्रशिक्षणमा राखिने प्रदेश खेलकुद परिषद्ले जनाएको छ।

सबै खेल विधामा गरी गण्डकीबाट सात सय १६ खेलाडीले प्रतिस्पर्धामा भाग लिने परिषद्का सदस्यसचिव तेजबहादुर गुरुङले बताउनुभयो। उहाँका अनुसार छनोटमा परेका खेलाडीलाई १५ दिन विशेष र १५ दिन बन्द प्रशिक्षणमा राख्ने तयारी भइरहेको छ।

“बन्द प्रशिक्षणका लागि बजेट प्रबन्ध गर्न प्रदेश सरकारसँग माग गरिरहेका छौँ”, उहाँले भन्नुभयो, “खेलाडीले व्यक्तिगतरूपमा पनि अभ्यास थालिसकेका छन्।” पोखरा बाहिर हुने खेलका लागि सम्बन्धित जिल्लामै बन्द प्रशिक्षण राखिने उहाँले बताउनुभयो। मन्त्रालयबाट बजेटको सुनिश्चितता हुनासाथ बन्द प्रशिक्षण र प्रतियोगिताको अरु तयारीले तीव्रता पाउने सदस्यसचिव गुरुङले उल्लेख गर्नुभयो। आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म गण्डकी प्रदेशको राजधानी पोखरामा नवौं राष्ट्रिय खेलुकद प्रतियोगिता सञ्चालन हुँदैछ। प्रतियोगितामा एथलेटिक्स, ब्याडमिन्टन, टेबलटेनिस, क्रिकेट, फुटबल, टेनिस, हक्की, बक्सिङ, भलिबल, जिम्न्यास्टिक, कबड्डी, भारोत्तोलन, सुटिङ र पौडी समावेश छ। यस्तै ह्यान्डबल, जुडो, कुस्ती, सफ्टटेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, चेस, खोखो, कराते, आइटीएफ तेक्वान्दो, सेपाकटाक्रो, गल्फ, फुल कन्ट्यान्ट कराते, आर्चरी, फेन्सिङ, साइक्लिङ, ट्रायथलन, रग्बी र प्याराग्लाइडिङ प्रतियोगिता हुनेछ। ठेलो र क्यानोइङलाई भने प्रदर्शनी खेलका रूपमा राखिएको जनाइएको छ। प्रतियोगितामा सात प्रदेश, तीन विभागीयसहित गैरआवसीय नेपाली सङ्घ (एनआरएन) टिमले प्रतिस्पर्धा गर्नेछ। चार दशकपछि पोखरामा दोस्रोपटक राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना हुन लागेको हो। यसअघि राष्ट्रिय खेलकुदको दोस्रो संस्करण विसं २०४० चैत १२ देखि २० गतेसम्म पोखरामै आयोजना गरिएको थियो।

# भलाममा पार्क सहितको खुल्ला व्यायामशाला तथा जेष्ठ नागरिक विश्रामस्थल बन्ने

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

पोखरा महानगरपालिका वडा नं. २० भलाममा पार्क सहितको खुल्ला व्यायामशाला तथा जेष्ठ नागरिक दिवा विश्राम स्थल निर्माण हुने भएको छ।

पोखरा महानगरपालिका वडा नं. २० साविक भलाम १ स्थित ठूलोपाटनको पूर्वी भागमा हरिहर पैदल मार्गसँग जोडिएको खुल्ला सार्वजनिक जग्गामा पार्क सहितको खुल्ला व्यायामशाला तथा जेष्ठ नागरिक दिवा विश्राम स्थल बन्न लागेको हो।

पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०७९।०८० वार्षिक कार्यक्रम अन्तरगत विनियोजित रकमबाट कार्य सम्पादन गर्न पोखरा २० को कार्यालयसँग समन्वय गरी



अगाडि बढ्ने समेत सोमवार बसेको समितिको पहिलो बैठकले निर्णय समेत गरेको छ। पार्क तथा खल्ला व्यायामशाला, जेष्ठ नागरिक विश्राम स्थल निर्माण समितिका अध्यक्ष यादव गौतमको अध्यक्षतामा बसेको बैठकको संचालन सचिव रेशम खत्रीले गर्नुभएको थियो भने विशेष उपस्थिति पोखरा २० का वडा अध्यक्ष गंगा बहादुर खत्री रहनुभएको थियो। वडा अध्यक्षको पहलमा उक्त पार्क सहितको खुल्ला व्यायामशाला तथा जेष्ठ नागरिक दिवा विश्राम स्थल बन्न लागेके हो।

# लौरो अभियानको निर्णय : चुनाव अघि सातै प्रदेशका उम्मेदवारलाई लौरो हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

मंसिर ४ गते हुने निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर संसद छिर्ने योजनामा रहेका अभियन्ताहरुको समुह लौरो अभियानले चुनाव अघि नै आफ्ना उम्मेदवारी घोषणा गरेका अभियन्तालाई लौरो हस्तान्तरण गर्ने भएको छ।

भदौ २६ गते बसेको स्वतन्त्र तथा लौरो अभियानको बैठकले दशैं अघि नै प्रचारप्रसार तिव्र पार्ने निर्णय गरेको हो। अभियान संयोजक सुमन सायमीको अध्यक्षतामा बसेको केन्द्रिय बैठकले दशैं अघि नै सातै प्रदेशमा चुनावी प्रचारप्रसार तिव्र पार्ने निर्णय गरेको हो। वैकल्पिक शक्ति तथा स्वतन्त्र अभियानका सबै पक्षहरुसँग सहकार्यका लागि अभियान संयोजक सुमन सायमीको नेतृत्वमा वार्ता टोली गठन गरेर अघि बढ्गने अभियानका प्रवक्ता हरि कार्कीले जानकारी दिए। साथै भदौ ३१ मा लुम्बिनी प्रदेश असोज १ गते गण्डकी प्रदेशमा प्रदेश स्तरिय स्वतन्त्र उम्मेदवारलाई लौरो प्रारम्भिक रुपमा लौरो चुनाव चिन्ह हस्तान्तरण गर्ने निर्णय भएको उनले बताए। लुम्बिनी प्रदेशको कार्यक्रमका लागि इशा खड्का तथा गण्डकी प्रदेशका लागि संयोजक जीवन गुरुङलाई जिम्मेवारी सुम्पिएको छ। यस्तै स्वतन्त्र युवा परिचालनका लागि अभियानका युवा परिचालन संयोजक अभिमन्यु पाण्डे छन् भने दशैं अघि सातै प्रदेशमा स्वतन्त्र उम्मेदवारलाई लौरो चुनाव चिन्ह हस्तान्तरण गरिने छ।

प्रारम्भिक छनौटमा परि लौरो चुनाव चिन्हबाट उम्मेदवारी घोषणा गरेका अभियन्तालाई केही जिल्लामा विभिन्न प्रलोभन, डर, त्रास, धम्की दिइएकोमा अभियानको गम्भीर ध्यानाकर्षण भएको उनले बताए। यस्ता गतिविधि नगर्नका लागि पनि उनले आग्रह गरेका छन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# चीनसँग छ बुँदे समझदारी

चीनको उच्च तहका नेताको नेपाल भ्रमणका बेला नेपाल र चीनबीच अन्तर संसदीय सहयोगसम्बन्धी समझदारी भएको छ। सभामुख अग्नि सापकोटा र नेपाल भ्रमणमा रहेका चीनको राष्ट्रिय जनकांग्रेसका प्रमुख ली चान्सुले समझदारीमा हस्ताक्षर गरेका छन । चिनियाँ राष्ट्रपति र प्रधानमन्त्रीपछिका तेस्रो बरियताका नेता चीनको राष्ट्रिय जनकांग्रेसका प्रमुख ली चान्सु नेपाल भ्रमण आएकै दिन समझदारीमा हस्ताक्षर गरेका छन । जम्बो टोली लिएर ली सोमबार मात्र काठमाडौं आएका थिए । काठमाडौं आएलगत्तै संसद भवन, परिसरमा सभामुख सापकोटासँग भेटवार्ता भए लगत्तै समझदारीमा हस्ताक्षर हुनु सुखद पक्ष हो ।

यसक्रममा बेल्ट  एण्ड रोड इनिसिएटिभमार्फत दुई देशबीच अन्तरआवद्धता अभिवृद्धि गरी पारस्परिक लाभको सहयोगमा सहजीकरण गर्न महत्व दिने लगायतका ६ बुँदे समझदारी भएको छ। समझदारीको पहिलो बुँदामा दुवै पक्ष आपसी विश्वास सदृढ र विकास गर्न, एकअर्काको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सम्मान गर्न, एकअर्काको स्वतन्त्र रुपमा छनोट गरिएको सामाजिक प्रणाली र विकास पथको सम्मान गर्न तथा एकअर्काका मूल हित र महत्वपूर्ण सरोकारका विषयमा साथ दिन सहमत भएका छन्। दोस्रो बुँदामा दुबै पक्षले दुई राष्ट्र र जनताबीचको द्विपक्षीय सम्बन्ध थप गहन बनाउन र सहयोगमा योगदान पुऱ्याउन बहुआयमिक माध्यमबाट सबै तहमा अन्तरसंसदीय आदानप्रदान र सहयोग सुदृढ गर्न प्रयास गर्नेछन् ।

तेस्रो बुँदामा दुबै पक्षले नेपाल र जनवादी गणतन्त्र चीनका दुई  व्यवस्थापिकाबीच उच्चस्तरीय भ्रमण र सम्पर्कको आदानप्रदानमा प्राथमिकता दिनेछन् । सरकार सरकार बीच र पार्टी पार्टीबीच रहेको सम्बन्ध अब संसद्मा पनि पुग्नेछ ।समझदारीको चौथो बुँदामा दुवै पक्षले संसदीय मैत्री समूहहरुलाई उनीहरुको संलग्नता अभिवृद्धि गर्न प्रोत्साहन गर्नेछन् र साथ दिनेछन् तथा दुई व्यवस्थापिका बीच सदभाव र समझदारी प्रवर्द्धन गर्न सक्रिय भूमिका निर्वाह गर्न प्रोत्साहन गर्नेछन् । पाँचौं बुँदामा दुबै पक्षले एकअर्काको विधायिकी, सुपरिवेक्षकीय र शासन सञ्चालन सम्बन्धी अभ्यासका वारेमा जानकारी आदानप्रदान गर्ने र दुई सरकार बीच सहमति भएबमोजिम बेल्ट एण्ड रोड इनिसिएटिभ मार्फत समेत दुई राष्ट्रहरु बीच अन्तरआवद्धता अभिवृद्धि गरी पारस्परिक लाभको सहयोगमा सहजीकरण गर्न महत्व दिनेछन् ।

समझदारीको छैठौं बुँदामा दुबै पक्ष साझा हितको विषयमा इन्टर पार्लियामेण्टरी यूनियन लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संसदीय संगठनहरुको खाका अन्तर्गत सहयोग सुदृढ गर्न सहमत भएका छन् । नेपालले अपनाएको संसदीय प्रणाली बेलायतको जस्तो पनि छैन ।भारतको जस्तो बनाउन नसकिएको हुँदा रोल मोडल कस्को मान्ने स्पष्ट पार्न गाह्रो परेको छ । चीनबाट धेरै सिक्न सकिने अवस्था समझदारीले गरेको छानेपालले स्थिरता र विकासका लागि चीनबाट सिक्न सकिन्छ। दुई पक्षको समझदारी कार्यान्वयनका गर्न अब सबैले एक अर्कोलाई दबाबमूलक अभियान चलाउन आवश्यक छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बिपी स्मृति भवन निर्माणका लागि जुट्दै समर्थक

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ भदौं**

बागलुङ काग्रेसले थालेको बिपी स्मृति भवन निर्माणले सार्थकता पाउन थालेको छ। भवनका लागि जग्गा खरिदसँगै शुभेच्छुकबाट सहयोग सङ्कलन अभियानलाई तीव्रता दिइएको छ।

अब बन्ने भवनमा पार्टी कार्यालय सञ्चालन गरिने पार्टीले जनाएको छ । स्मृति भवन बनाउनका लागि एक हजार एक सदस्य समिति गठन गरेको कांग्रेसले पछिल्लो पाँच महिनायता भवन निर्माणका लागि रु एक करोड सङ्कलन गरिसकेको छ। कांग्रेस बागलुङ्को १४ औं महाधिवेशनबाट निर्वाचित सभापति जित शेरचनको समितिले जग्गा खरिद गरेर भवन निर्माण गर्ने अठोट लिएसँगै रकम सङ्कलन तीव्रता पाएको हो । छोटो समयमै घडेरी व्यवस्थापन गरेर रकम सङ्कलन अभियानलाई तीव्रता दिएको कांग्रेस बागलुङ्का कोषाध्यक्ष श्रीधर कँडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "करिब दुई करोड रकम बागदान भइसकेको छ, हामीले उठ्ने रकम मात्रै बोल्न लगाएका छौं, रकम सहयोग गर्नका लागि कांग्रेस समर्थकले आफैं बोलाउने अवस्था छ। हालसम्म एक करोड रकम खातामा जम्मा भइसकेको छ, रकम उठ्ने कार्यले तीव्रता पाएको छ। रु १० करोड उठाउने लक्ष्य रहेको छ, जसले जग्गा खरिदको रकम तिर्न, घर निर्माण गर्न र कोष स्थापना गर्ने तयारी छ।" कांग्रेसले बिपी स्मृति भवन बनाउने अभियानअन्तर्गत बागलुङ नगरपालिका-३ नारायण चोकमा १४ आना जग्गा खरिद भइसकेको र हाल पार्टी कार्यालय बनाउनका लागि कांग्रेस शुभेच्छुकबाट रकम सङ्कलन अभियान चलाइ राखेको कांग्रेस बागलुङ्का सभापति जीतबहादुर शेरचनले बताउनुभयो ।

# तनहुँमा पत्रकारको १० लाखको बीमा

**रासस**
**तनहुँ, २७ भदौं**

व्यास नगरपालिका कार्यालयले जिल्लामा कार्यरत सक्रिय पत्रकारका लागि रु १० लाख बराबरको दुर्घटना र स्वास्थ्य बीमा गरिदिने भएको छ । गत वर्षदेखि पत्रकारको बीमा सुरु गरेको नगरपालिकाले यस वर्ष पनि त्यस कार्यलाई निरन्तरता दिन लागेको हो ।

नगरपालिका कार्यालयले गतवर्ष जिल्लाभरिका ६५ जना पत्रकारको प्रतिपत्रकार रु १० लाखको बीमा गरिदिएको नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाका अध्यक्ष उज्ज्वल पौडेलले जानकारी दिनुभयो। नगरपालिका कार्यालयले रु नौ लाखको दुर्घटना र रु एक लाख बराबरको औषधि बीमा गरिदिएको उहाँले बताउनुभयो । व्यास नगरपालिका कार्यालयलेजिल्लाकासञ्चारकर्मीहरुका लागि लोककल्याणकारी विज्ञापन र स्वास्थ्य बीमा कार्यमा सहयोग गर्दै आएको छ। जिल्लाका अन्य पालिकाले पनि यस कार्यबाट पाठ सिक्नुपर्ने अवस्था आएको अध्यक्ष पौडेलले बताउनुभयो । नगरपालिकाले गरेको निर्णयप्रति अध्यक्ष पौडेलले धन्यवाद व्यक्त गर्नुभएको छ । नेपाल पत्रकार महासङ्घ तनहुँ शाखाको सिफारिसका आधारमा यस वर्ष पनि क्रियाशील पत्रकारको बीमालाई निरन्तरता दिन लागिएको व्यासका नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । रिपोर्टिङको सिलसिलामा यत्रतत्र कुदिरहने पत्रकारलाई सुरक्षा प्रदान गर्ने उद्देश्यअनुरूप नगरपालिकाले निर्णय गरी उक्त सुविधा प्रदान गर्न लागेको नगरप्रमुख न्यौपानेले बताउनुभयो ।

# थप एक सय ७९ मा कोरोना सङ्क्रमण

**रासस**
**काठमाडौं, २७ भदौं**

देशभर पछिल्लो २४ घण्टामा थप एक सय ७९ मा कोभिड सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा कोरोना सङ्क्रमणबाट एक जनाको मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा चार हजार नौ सय ५९ को नमूना परीक्षण गरिएको थियो । दुई हजार छ सयले पिसिआर र दुई हजार तीन सय ५९ को एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यस अवधिमा एक सय ७१ कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ८४ हजार पाँच सय ८४ पुगेको छ। सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार दुई सय ७१ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या १२ हजार १५ पुगेको छ। होम आइसोलेसनमा दुई हजार एक सय ९०, संस्थागत आइसोलेसनमा ८१ र आइसियुमा १५ सङ्क्रमित रहेका छन् । हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं र दुई सयभन्दा बढी सङ्क्रमित रहेको जिल्लामा ललितपुर र चितवन रहेका छन् ।

# बयरघारीमा मुक्तिनाथ बैंकको वित्तीय साक्षरता

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, २७ भदौं**

स्याङ्जाको बयरघारीमा मुक्तिनाथ विकास बैंकको वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको छ । बैंकको लघुवित्त शाखा अन्तर्गत गठित महिलाहरुको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भएको हो ।

वित्तीय साक्षरता कार्यक्रमलाई सम्बोधन गर्दै भीरकोट नगरपालिकाका नगर प्रमुख गोबिन्द कुमार कर्माचार्यले लघुवित्त वित्तीय संस्थाको प्रक्रिया पुरा गरेर ऋण लिएका महिलाहरुले तोकिएकै क्षेत्रमा लगानी गरे स्वरोगार बन्न सक्ने बताए । उनले एउटै व्यक्तिहरुले दुई चार जनाको नाममा कर्जा लिने परम्पराले लघुवित्त क्षेत्रमा समस्या सृजना भएको बताए ।

कर्जा वा ऋण लिदा स्वरोजगार मुलक क्षेत्रका नाम लिएपनि लगानी अन्यत्रै हुँदा समस्या बढेको बताउँदै नगर प्रमुख कर्माचार्यले तोकिएकै क्षेत्रमा लगानी गरे सुरक्षित हुने बताए। लघुवित्त वित्तीय संस्थाले नेपालमा महिललाई स्वरोजगार बनाउन सफल भएको उनले दाबी गरे। वित्तीय साक्षरता कार्यक्रममा भीरकोट नगरपालिका वडा नं. २ का वडाध्यक्ष श्यामकाजि अधिकारी, बैंकका उपक्षेत्रिय कार्यालय स्याङ्जाका प्रमुख नबिन काफ्ले र अनुगमन अधिकृत बालकृष्ण रेग्मीले महिलाको आर्थिक विकासमा लघुवित्त संस्थाले खेलेको भूमिकाका बारेमा बोलेका थिए। महिलाहरुको आर्थिक विकासमा योगदान पुऱ्याउन स्थापना भएका संस्थाप्रति पछिल्लो समय नकारात्मक टिकाटिप्पणी हुने गरेको तर्फ चिन्ता व्यक्त गर्दै उनीहरुले वित्तीय संस्थाबाट लिएका कर्जालाई सदुपयोग गर्न आग्रह गरे । कर्जाको सहि सदुपयोग हुन नसक्दा समस्या बढेको उनीहरुको भनाई थियो ।

बैंक अन्तर्गत गठित महिला समूहका सदस्य सुनिता खत्रीको अध्यक्षतामा भएको कार्यक्रमको संचालन साधना पौडेलले गरेकी थिईन् । वित्तीय साक्षरता कार्यक्रममा स्वागत बैंकका शाखा प्रमुख केशबराज अर्यालले गरेका थिए भने शाखाको प्रतिवेदन सुर्यप्रसाद पंगेनीले प्रस्तुत गरेका थिए ।

मुक्तिनाथ विकास बैंकको लघुवित्त विभाग अर्न्तगत बयरघारी शाखामा झण्डै १८ करोड ५० लाख महिला समूहमा लगानी भएको बैंकले जनाएको छ। बैंकको बयरघारी शाखाले हाल भीरकोट, वालिङ र पुतलीबजार तथा पर्वत जिल्लाको पयुँ गाउँपालिकामा सेवा प्रदान गर्दै आएको छ।

# निर्वाचन केन्द्रित हुँदै म्याग्दीका राजनीतिक दलहरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ भदौं**

आगामी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजिकिँदै गर्दा म्याग्दीका राजनीतिक दलहरु उम्मेदवार सिफारिस गरेसँगै निर्वाचन केन्द्रीत कार्यक्रममा केन्द्रित हुन थालेका छन् ।

एक प्रतिनिधिसभा र दुई प्रदेशसभा निर्वाचन क्षेत्र रहेको म्याग्दीमा सत्ता गठबन्धनदल र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले जिल्लाबाट सबै निर्वाचन क्षेत्रका लागि उम्मेदवारको सिफारिस गरिसकेका छन्। म्याग्दीमा क्रियाशील ठूला राजनीतिक दलहरुमध्ये नेकपा एमालेले पार्टी तथा जनवर्गीय सङ्गठन लक्षित निर्वाचन कार्यक्रमलाई तीव्रता दिएको छ। नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले पनि पार्टीका विभिन्न कमिटीबाट उम्मेदवार चयनका लागि सिफारिस गर्ने कार्य सम्पन्न गरेको जनाएका छन् । सम्पन्न स्थानीय तहको निर्वाचनमा म्याग्दीका एक नगरपालिका र पाँच गाउँपालिकामा गठबन्धनले एक गाउँपालिकामा मात्र विजय हासिल गरेको थियो। बेनी नगरपालिकामा नेपाली कांग्रेस  नेकपा माओवादीसहितको गठबन्धन भए पनि विजयी हुन सकेको थिएन् । कांग्रेसले एक्लै रघुगङ्गामा विजय प्राप्त गरेको थियो भने नेकपा एमालेले मङ्गला, मालिका, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकामा विजय हासिल गरेको थियो।

आगामी निर्वाचनबाट जनताका पीर-मर्का समाधान गर्ने योग्य र सक्षम प्रतिनिधि चयन गर्न मतदान गर्ने कुरालाई मतदाताले जोड दिन थालेका छन् । सोही निर्वाचनका लागि स्थानीय प्रशासन र जिल्ला निर्वाचन कार्यालयले राजनीतिक दलहरुको सहमतिमा केही मतदान केन्द्रको हेरफेर गरेको छन् । साथै मतदान केन्द्रको थप गरी शान्ति सुव्यवस्थालाई चुस्त दुरुस्त बनाउने तयारीसमेत गरेको निर्वाचन कार्यालयले जनाएको छ। आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई लक्षित गरेर नेकपा एमाले म्याग्दीले जिल्लामा 'जनतासँग एमाले' कार्यक्रम सञ्चालन गरेको छ । स्थानीय जनताको समस्या बुझ्न तथा योजना र अपेक्षा सङ्कलन गर्ने गरी 'जनतासँग एमाले' कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरेको सो पार्टीले जनाएको छ। कांग्रेसले भदौ दोस्रो सातादेखि नै जनताको साथमा कांग्रेस कार्यक्रम सबै पालिकामा सञ्चालन गरिसकेको छ । एमाले मालिका गाउँपालिका कमिटीको आयोजनामा दरबाङमा सम्पन्न बैठकले पालिकाभित्रका सबै वडामा वडास्तरीय बैठक तथा अगुवा कार्यकर्ता भेला आयोजना गरिसकेको छ । गाउँपालिका कमिटीको बैठक तथा भेलालाई सम्बोधन गर्दै एमाले गण्डकी प्रदेश कमिटीका सचिवालय सदस्य एवं आसन्न प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार हरिकृष्ण श्रेष्ठले पार्टी सङ्गठनलाई बलियो बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले पार्टीले आफूलाई प्रतिनिधिसभा सदस्य पदको उम्मेदवारको रुपमा सिफारिस गरेको अवस्थामा जिल्लाको सबै वडामा पुग्ने प्रतिबद्धता जनाउँदै आसन्न निर्वाचनको नतिजा पार्टीको पक्षमा आउने गरी खट्न पाटीका सबै पङ्ति र नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो ।


## Galyang Municipality
## Office of The Municipal Executive
## Galyang, Syangja

## Invitation for Bids (IFB) for Kamlang Faat Sinchai Sahit Bato Nirman

**IFB NO : 01/2079-80**

**First Date of Publication : 13/09/2022 (2079/05/28)**

1. Galyang Municipality invites electronic bids from eligible bidders for Kamlang Faat Sinchai Sahit Bato Nirman under national competitive bidding - Single stage Single Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Bid Security Amount NRs | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/NCB/ WORKS/ 01/2079/080 | Kamlang Faat Sinchai Sahit Bato Nirman | 1,60,000 | 12/10/2022 12.00 Hours | 12/10/2022 14.00 Hours | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Galyang Municipality, Galyang, Syangja, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**

# नेपाल साफ च्याम्पियनसीपको समूह विजेता

**रासस**
**काठमाडौं, २७ भदौं**

नेपाली राष्ट्रिय महिला फुटबल टोली समूह बी को विजेता बन्दै छैटौं संस्करणको महिला साफ च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गाशाला मैदानमा आज भएको खेलमा नेपालले श्रीलङ्कालाई आधा दर्जन गोल वर्षाउँदै प्रतियोगितामा समूह बी को विजेता बन्न सफल भयो । नेपालसँग ६-० गोलअन्तरले पराजित भएको श्रीलङ्का भने प्रतियोताबाट बाहिरिएको छ। श्रीलङ्का पहिलो खेलमा भुटानसँग पराजित भएको थियो । समूह बीमा नेपालसहित भुटान र श्रीलङ्का छन् । समूह बी बाट नेपाल समूह विजेता बन्दै सेमिफाइनलमा पुग्यो भने भुटान समूहको उपविजेता बन्दै सेमिफाइनमा पुग्यो । नेपालको जितमा अमिशा कार्कीले दुई गोल गर्दा रश्मीकुमारी घिसिङ, सरु लिम्बु, अमृता जैसी, र दिपा शाहीले समान एक एक गोल गरे । खेलको सुरुआती अग्रता भने रश्मीकुमारीले लिइन् । उनले खेलको १०औं मिनेटमा गोल गर्दै नेपाललाई पहिलो अग्रता दिलाइन् । उनले हिराकुमारी भुजेलको क्रस बललाई हेडरमार्फत गोल गरिन् । उनले गोल गरेको एक मिनेट पनि बित्न नपाउँदै नेपालकी अर्की खेलाडी सरुले गोल गर्दै नेपालको अग्रता दोब्बर बनाइन् । उनले अमृता जैसीको पासलाई सदुपयोग गर्दै गोल गरिन् । यसैगरी खेलको १७औं मिनेटमा अमृताले गोल गर्दै नेपालको अग्रता तेब्बर बनाइन् । उनले अनिता बस्नेतको कर्नर बललाई हेडमार्फत गोल गर्दै नेपाललाई ३-० गोलअन्तरले अगाडि बढाइन् । खेलको पहिलो हाफको अतिरिक्त समयको तेस्रो मिनेटमा नेपाली अर्की खेलाडी दिपा शाहीले गोल गर्दै नेपाललाई ४-० को अग्रता दिलाइन् । यसै साफ च्याम्पियनसिपबाट दिपाले डेब्यु गरेकी हुन् । खेलको पहिलो हाफमा ४-० गोलअन्तरले अगाडि रहेको नेपालले दोस्रो हापमा थप दुई गोल गर्‍यो । दुवै गोल अमिशा कार्कीले गरिन् । उनले खेलको ७६ र दोस्रो हाफको अत्तिरिक्त समयमा गोल गरिन् । खेलपछि नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक कुमार थापाले आफनो टोलीले गरेको प्रदर्शनमा आफू सन्तुष्ट रहेको बताउनुभयो । उहाँले आजको खेलमा नसोचेका खेलाडीले समेत गोल गरेको भन्दै आगामी सेमिफाइनल खेलमा अझ राम्रो गर्न प्रयास गर्ने बताउनुभयो ।

श्रीलङ्काका प्रशिक्षक चामिन्डा निल स्टिनवालले आफ्नो टोलीभन्दा नेपाल स्ट्रोङ टोली भएकाले जीत हात पारेको प्रतिक्रिया दिनुभयो । उक्त प्रतियोगिताअन्तर्गत भोलि दुई खेल हुनेछ । पहिलो खेल दिउँसो १ बजे समूह ए मा रहेको माल्दिभ्स र पाकिस्तानवीच हुनेछ भने दोस्रो खेल साझ ५:३० बजे भारत र बङ्गलादेश भिड्ने छन् ।

# लेक सिटी कलेजमा विदेशी विद्यार्थीबीच अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौं**

चेक गणराज्य अन्तर्गत प्राग सहरमा अवस्थित चेक युनिभर्सिटी अफ लाइफ साइन्सेस र त्रिभुवन विश्वविद्यालय अन्तर्गत मोफसलको लेकसिटी कलेज एण्ड रिसर्च सेण्टरका विद्यार्थीहरु बिच अन्तरक्रिया कार्यक्रम सोमवार सम्पन्न भयो ।

औपचारिक कार्यक्रमको उद्घाटन गर्दै क्याम्पस व्यवस्थापन संकायका संयोजक आमोद कोइरालाले २३ बिदेशी छात्र छात्रासँगै युनिभर्सीटी भाइस डीन कोबेज कास्टोकोभा, प्राध्यापक मालेक काटेल तथा समन्वय कर्ता राजु नेपाली लगायतलाइ स्वागत गरिएको थियो । कोइरालाले कलेज र




विश्वविद्यालयको चिनारी सँगै धन्यवाद राखेका थीए भने काटेलले चेक युनिभर्सिटीको चिनारीसँगसँगै कार्यक्रम गरिएको थियो। विद्यार्थीलाइ पाँच समुहमा बिभाजन गरि अन्तक्रिया, छलफल र प्रस्तुतिकरणको कार्य बिभाजन गरिएको थियो। प्रस्तुतिसँगै विद्यार्थीहरुले अतिरिक्त क्रियाकलाप पनि प्रस्तुत गरेका थिए । संयोजक आमोद कोइरालाले विद्यार्थीहरु विच सूचना आदनप्रदान सँगै नेटवर्क विस्तारले एक अर्काविच प्रगाढ सम्बन्ध बन्दै जाने भने । क्याम्पसका शिक्षक सुवास मल्लले कार्यक्रम संचालन गरेका थिए।

# बागलुङ बजार भित्रियो मुस्ताङको स्याउ

**रासस**
**बागलुङ, २७ भदौं**

भदौको अन्तिम साता सुरु भएसँगै मुस्ताङको स्याउ बागलुङ, कुश्मा, बेनीलगायतका नजिकका बजारमा देखिन थालेको छ।

चाडपर्वका बेला बागलुङ, पर्वत, म्याग्दी र आसपासका जिल्लामा मुस्ताङको स्याउको माग हुन्छ। यहाँ एउटा चलन छ, 'कोशेलीमा मुस्ताङको स्याउ' । दसैंका बेला त अझै बढी मुस्ताङी स्याउको कोशेली चल्छ । चाहे मुस्ताङ बसेर गाउँ फर्किने हुन् वा देशविदेशमा रहेका दसैंका बेला गाउँ फर्किने किन नहुन् ! गाउँघरमा एउटै आशा हुन्छ, 'कोशेलीमा मुस्ताङी स्याउ छ, छैन ।' दसैंलगायतका चाडपर्वको छेको पारेर मुस्ताङी स्याउ बजारमा आएको हो । भदौको अन्तिम सातादेखि बिक्रीका लागि खुला भएको मुस्ताङी स्याउ बजारमा देखिन थालेको बागलुङ बजारका फलफूल व्यवसायी बताउँछन् । रातो र सेतो दुवै रङको स्याउ बागलुङ, कुश्मा, बेनीलगायतका बजारमा आइपुगेको व्यसायीले बताएका छन् । धादिङका चन्द्र लामालाई यतिबेला बजारमा स्याउ पुर्‍याउन भ्याइनभ्याइ छ । हरेक वर्ष मुस्ताङको टुकुचेमा बगान ठेक्का लिएर बजारमा स्याउ पुर्‍याउने लामाले यस वर्ष पनि बगान ठेक्कामा लिनुभएको छ। रु ५० लाखमा खरिद गरेको बगानका स्याउ दसैंअघि नै बजारमा पुर्‍याउने र मुनाफासमेत आर्जन गर्ने लामाको लक्ष्य छ।

मुस्ताङको टुकुचेमा रहेको स्थानीयको बगान उहाँले ठेक्कामा लिनुभएको हो । "दसैंपछि बजारमा माग घट्छ, कोशेली हुने भएकाले दसैंका बेला सबै बजारमा स्याउ राम्रोसँग बिक्री हुन्छ", लामाले भन्नुभयो, "दिनमा दुई ट्रकसम्म स्याउ बजार पुर्‍याउने गरेको छु ।" पहिलो पटक बजारमा आएको स्याउ खुद्रा व्यापारीले हानथाप गरेर खरिद गरेको लामाले बताउनुभयो । यहाँका बजारमा पाइने स्याउमध्ये चाडपर्वका बेला अधिकांशको रोजाइमा मुस्ताङी स्याउ पर्ने गरेको छ। लामा जस्तै व्यवसायीलाई अहिले मुस्ताङको स्याउ काठमाडौं, पोखरा, बागलुङलगायतका सहरमा पठाउन भ्याइनभ्याइ छ। बगैंचाबाट सङ्कलन गरी पठाउँदा मुस्ताङमै थोकमूल्य रु ९० देखि र एक सय २५ सम्म पर्ने गरेको उहाँले जानकारी दिनुभयो।

दसैं तिहारका समयमा पाक्ने भएकाले यस अवधिमा स्याउको निकै खपत हुने गर्दछ । बजारका कतिपय फलफूल पसलले ग्राहकलाई आकर्षित गर्नेगरी पसलमा मुस्ताङको स्याउ पाइन्छ भनेर लेखेर टाँस्ने गरेको मुस्ताङको ठिनीका स्याउ व्यवसायी पल डिसी बताउनुहुन्छ । व्यापारीले मुस्ताङको स्याउ रु दुई सयदेखि दुई सय ५० सम्ममा बिक्री गर्ने गरेका छन्।

"पहिलो पटक आएको स्याउ निकै उत्साहजनक हिसाबले बिक्री भइरहेको छ", मिलन फलफूल पसलका सञ्चालक खगेन्द्र पौडेलले भन्नुभयो, "बागलुङका स्थानीय बजारमा पनि हामीले स्याउ पठाइसकेका छौं।" विसं २०२२ मा तत्कालीन कृषि मन्त्रालयअन्तर्गतको फल उद्यान विभागले भारतीय राजदूतावासको सहयोगमा भारतको कश्मीरबाट स्याउका बिरुवा ल्याएर वितरण गरेको तथ्याङ्क भेटिन्छ । मुस्ताङीका अनुसार सरकारले सुरुमा प्रत्येक घरमा तीन/तीन वटा स्याउका बेर्ना बाँडेको थियो।

मुस्ताङी स्याउको स्वाद वर्षभरि नै चखाउन बेमौसमका लागि चाना बनाएर सुकाउने प्रचलन पनि छ । मुस्ताङ पुग्ने पर्यटकका साथै प्रसिद्ध मुक्तिनाथ मन्दिरको दर्शन गर्न जाने भक्तजनका लागि पनि मुस्ताङको स्याउ प्रमुख कोसेली बन्ने गरेको छ। मुस्ताङमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना 'एप्पल जोन' कार्यक्रम सञ्चालनमा छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना 'एप्पल जोन' कार्यक्रम मुस्ताङको सल्लाहमा भदौको अन्तिम साता मात्रै बगानमा प्रवेश दिइएको हो।

गत वर्ष रु ४० करोडको स्याउ मुस्ताङबाट बिक्री भएको तथ्याङ्क छ । मुस्ताङमा एक हजार चार सय हेक्टर जमिनमा स्याउ लगाइएको छ। पाँच सय हेक्टर जमिनमा मात्रै अहिले उत्पादन दिने बिरुवा तयार छन् । बाँकी बिरुवाले क्रमशः उत्पादन दिने स्थानीय बताउँछन्।

# उन्नति सहकारीको अध्यक्षमा पुन: रानाभाट निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ भदौं**

पोखरा महानगरपालिका-९ नयाँबजारमा अवस्थित उन्नति बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको अध्यक्षमा राजेश रानाभाट सर्वसम्मत निर्वाचित हुनुभएको छ।

संस्थाको १४ औं साधारणसभा तथा अधिवेशनले रानाभाटको अध्यक्षतामा आगामी चार वर्षका लागि नयाँ सञ्चालक समिति सर्वसम्मत चयन गरेको हो । अध्यक्षमा चयन हुनुभएका रानाभाट दोस्रो कार्यकालका लागि पुनः अध्यक्षमा चयन हुनुभएको हो । यसैगरी संस्थाको उपाध्यक्षमा लेखनाथ अर्याल, सविच रेवतिमणी भण्डारी, कोषाध्यक्षमा प्रमोद थापा चयन हुनुभयो। सञ्चालक समितिको सदस्यहरुमा बैकुण्ठ बराल, राजेश शर्मा र विनोज पोटे चयन हुनुभएको छ । संस्थाको लेखासुपरिवेक्षण समितिको संयोजकमा सिए पुरोचन उदास तथा सदस्यहरुमा धुर्वराज सुवेदी र अनिल लिगल हुनुहुन्छ। निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका अध्यक्ष, संयोजक लगायत सदस्यहरुलाई संस्थाका पूर्वअध्यक्ष पदमबन्धु पोखरेलले बधाई तथा शुभकामना व्यक्त गर्दै नमूना काम गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो।

यसअघि साधारणसभाको उद्घाटन गर्दै गण्डकी प्रदेश सहकारी रजिष्ट्रार रमेश घर्तिले सहकारी संस्थाहरुले सहकारीका सात सिद्धान्त अक्षरस अनुसरण गर्नुपर्ने बताउनुभयो। संस्थाका अध्यक्ष राजेश रानाभाटले विगतमा कोरोरा महामारीका कारण आफ्नो नेतृत्वको सञ्चालक समितिले योजना अनुसार काम गर्न नसकेपनि आगामी दिनमा संस्थालाई गण्डकी प्रदेशकै उत्कृष्ट र अनुकरणीय संस्थाका रुपमा विकास गर्ने प्रतिवद्धता जनाउनुभयो। सभामा अध्यक्ष रानाभाटको वार्षिक प्रतिवेदन,कोषाध्यक्ष प्रमोद थापा तथा विमल लम्सालको लेखा सुपरिवेक्षण प्रतिवेदन पारित गरेको संस्थाका कार्यालय प्रमुख भगवान भट्टराईले जानकारी दिनुभयो।

# बेनीमा 'कपडा बैंक' स्थापना

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ भदौं**

बेनी नगरपालिका-७ को कार्यालयमा कपडा बैंक स्थापना भएको छ।

घरमा प्रयोग नभएका लत्ताकपडा सङ्कलन गरी खरिद गर्न नसक्ने गरिब परिवारलाई निःशुल्क उपलब्ध गराउने उद्देश्यले वडा कार्यालयमा कपडा बैंक स्थापना गरिएको हो। यसबाट प्राकृतिक विपत्तिमा परेका, बेवारिसे अवस्थामा भेटिएका, गरिब तथा अतिविपन्न परिवारलाई उपलब्ध गराउने वडाध्यक्ष रमेश श्रेष्ठले जानकारी दिनुभयो । "आवश्यक पर्नेले बैंकमा आएर आफूखुसी रोजेर लुगा लान सक्छन्", उहाँले भन्नुभयो, "वडामा लैजानेको विवरण राखिए पनि गोप्य हुन्छ । दिनेको नाम सार्वजनिक गर्छौं ।" 'कपडा बैंक'मा प्रयोगयोग्य लत्ताकपडा सङ्कलन भइरहेको जनाइएको छ। म्याग्दी जेसिजले आइतबार एक सय थान कपडा उपलब्ध गराएको थियो। जेसिजका शाखा अध्यक्ष सन्दीप खत्रीको टोलीले वडाध्यक्ष श्रेष्ठलाई कपडा हस्तान्तरण गर्नुभएको थियो । जेसिजका पदाधिकारी, सदस्य र बजारका व्यापारीबाट प्रयोग गर्न योग्य तर उपयोग नभएका कपडा सङ्कलन गरिएको थियो । वडा कार्यालयमा एउटा कोठा कपडा व्यवस्थापनका लागि मात्रै राखिएको छ। म्याग्दी जिल्लाभित्र तथा आवश्यक परेमा बाहिरी जिल्लाका असहाय, असक्त तथा अर्थावस्था न्यून भएका व्यक्तिलाई मौसमअनुसार कपडा उपलब्ध गराउने वडा कार्यालयले जनाएको छ।

प्रयोग गरिसकेको वा प्रयोगविहीन अवस्थामा रहे पनि सफा र प्रयोग गर्न मिल्ने कपडा उपलब्ध गराउन सकिने वडा सचिव विनिता रेग्मीले बताउनुभयो। अभियानमा नगरकार्यपालिका सदस्यहरूले प्रतिव्यक्ति रु एक हजार सहयोग गरेका छन्। विशेष गरेर चाडपर्वमा लगाउन सक्ने जाडो मौसमन जिकिँदै गर्दा विपन्न समुदायका मानिसले न्यानो कपडा अभावमा कष्ट व्यहोर्नु नपरोस् भन्ने उद्देश्यले लत्ताकपडा सङ्कलनलाई तीव्रता दिएका छन् । बेनी नगरपालिका वडा नं ७ ले विपन्नको मृत्युपछि अन्त्येष्टिका लागि निःशुल्क दाउरा उपलब्ध गराउन थालेको छ।


## प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
### कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र, कास्की
### गण्डकी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०५/२८**

१. यस कार्यालयबाट विद्युतीय माध्यमबाट निम्नानुसारको निर्माण कार्यको लागि सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

| सि. नं. | ठेक्का नं | कामको विवरण | निर्माण कार्यको लागत अनुमान रु | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | AKCK/SQ/W/01/079/80 | कार्यालय हाता भित्रको बाटो स्तरोन्नती तथा ढल निकास कार्य | १७,२४,१३३।४७ | १,०००।- | ५०,०००।- | |

२. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरुले सार्वजनिक खरिद कार्यालयको वेभसाईट www.bolpatra.gov.np/epg मा हेर्न तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात डाउनलोड गर्न सक्नेछन्। माथि उल्लेखित दरभाउपत्र दस्तुर निम्न खातामा जम्मा गर्नुपर्नेछ।
बैंकको नाम :- राष्ट्रिय वाणिज्य बैंक, पृथ्वीचोक — कार्यालयको नाम :- कृषि ज्ञान केन्द्र, कास्की
कार्यालयको कोड नं :- ३१२०१३९०७४ — कार्यालयको खाता नं :- १०००१००२०००१००००
राजस्व शीर्षक नं :- १४२२९

३. सिलबन्दी दरभाउपत्रहरु मिति २०७९/०६/१२ गते अपरान्ह १२ बजेभित्र सार्वजनिक खरिद कार्यालयको वेभसाईट www.bolpatra.gov.np/epg मा पेश गरिसक्नुपर्नेछ। उल्लेखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र स्वीकृत गरिने छैन।

४. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७९/०६/१२ गते अपरान्ह १ बजे उपस्थित हुन चाहने निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुनेगरी ४५ दिनको हुनेछ। दरभाउपत्रको साथ माथि उल्लेखित दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नुपर्ने छ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि कम्तीमा पनि ७५ दिनको अर्थात २०७९/८/२५ सम्म हुनु पर्नेछ। दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा प्रदेश लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोकस्थित धरौटी खाता नं. ३०२०१००२०२०३०००० (कार्यालयको कोड नं :- ३१२०१३९०७४) मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

५.दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साबिककै मितिदेखि गणना गरिनेछ।

६. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) बमोजिम हुनेछ।